# हाम्रा कार्यहरु

- आयुर्वेद स्वास्थ्य केन्द्रमा आएका र अन्य स्थानबाट प्रेषण गरिएको विरामीहलाई चिकित्सा सेवा पुऱ्याउने ।
- प्रेषण गर्नु पर्ने विरामीलाई साधन सम्पन्न स्थानमा प्रेषण गर्ने।
- स्वास्थ्य सम्बर्दनका लागि उचित सल्लाह एवं रोगबाट बच्ने उपायहरुद्धारा समुदायमा स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने।
- संक्रामक रोगहरुबाट बच्ने उपायहरुको बारेमा स्वास्थ्य सल्लाह प्रदान गर्ने र तिनीहरुको नियन्त्रणमा सम्बन्धित निकायसग सहकार्य र समन्वय गर्ने।
- स्तनपायी आमालाई स्तन्यबर्धक(दुध आउनें) औषधि/ जेष्ठ नागरिकलाई रसायन औषधी वितरण गर्ने।
- आयुर्वेद विधि बाट स्वास्थ्य प्रवर्धनात्मक– योग, जीवनशैली परिवर्तन आदि एवं उपचारात्मक सेवा प्रदान गर्ने
- नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त औषधिहरुको सुव्यवस्थित ढंगबाट वितरण गर्ने गराउने।
- स्थानीयस्तरमा उपलब्ध जडिबुटीबाट औषधि तयार गरी बिरामीलाई वितरण गर्ने।
- स्थानीय केन्द्रको परिसरमा नमूना जडिबुटी उद्यान बनाउने तथा औषधि जडिबुटीसंग सम्बद्ध वन, कृषि, सामुदायिक वन आदि सरकारी, गैर सरकारी निकायहरुसँग अन्तर संस्थागत समन्वय कायम गरी औषधि जडिबुटीहरुको उत्पादन, संकलन, संरक्षण, सम्वर्धन तथा त्यसको अधिकाधिक औषधिको रुपमा प्रयोग सम्बन्धमा सरोकारवालाहरुलाई तालिम गोष्ठी आदि गरी ज्ञान दिलाउने।
- स्थानीय जडिबुटीको लगत तथा हर्वेरियम तयार गर्ने।

- जिल्लामा संचालित आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा संञ्चालन गर्ने सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको अनुगमन, निरिक्षण, स्वीकृती तथा आवश्यक मार्गदर्शन दिने।
- जडिबुटी तथा बिरामीहरुको तथ्यांक केन्द्रमा उपलव्ध गराउने।
- नेपाल तथा प्रदेश सरकारद्वारा सञ्चालित आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।
- पंचकर्म एवं पुर्वकर्मका उपक्रमहरु संचालन गर्ने।
- प्रयोगशाला सेवा विस्तार गर्दै गुणस्तरीय सेवा प्रदान गर्ने।
- अन्य दैनिक प्रशासनिक कार्यहरु गर्ने।
- अन्य विभागीय निर्देशन अनुसार गर्ने गराउने।